# भीमेश्वर नगरपालिका

चरिकोट, दोलखा
३ नं. प्रदेश, नेपाल ।

## आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्य

**सभाध्यक्ष महोदय,**

**नगरसभा सदस्यज्यूहरू ।**

१. स्थानीय तहको निर्वाचन पश्चात् उप प्रमुखको भूमिकाबाट यस गरिमामय सभामा नगरपालिकाको तेस्रो बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु । यो गौरवपूर्ण अवसर प्रदान गर्नु भएकोमा सम्पूर्ण नगरबासी महानुभावहरू प्रति हार्दिक आभार प्रकट गर्दछु । देशलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रको युगसम्म ल्याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात तथा अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

२. यस अघिका दुईवाट बजेट तर्जुमा र कार्यान्वयनका सन्दर्भमा हासिल गरेका अनुभव र नगरवासीका तर्फबाट समय समयमा प्राप्त सुझाव समेतका आधारमा आर्थिक वर्ष २०७६/७७ को बजेट तयार गरिएको छ । बजेट तयार गर्दा मूलतः नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका मार्गदर्शनका आधारमा बजेटको सिद्धान्त र प्राथमिकतामा रही भीमेश्वर नगरपालिकाको समृद्धि र दीगो विकासका लक्ष्य प्राप्त हुने क्षेत्रमा लगानी प्रवाह गरिएको छ। नेपाल सरकारको **'समृद्ध नेपाल; सुखी नेपाली'** को राष्ट्रिय नारालाई सफलिभूत पार्ने लक्ष्य हासिल गर्नका लागि बजेट परिलक्षित गरिएको छ। सङ्घीय बजेट र ३ नं. प्रदेशको बजेटलाई समेत बजेट तर्जुमाको आधार मानिएको छ।

**सभाध्यक्ष महोदय,**

३. अब म चालु आ.व. २०७५/७६ को जेठ मसान्तसम्म भएका गतिविधिहरूबारे संक्षिप्त जानकारी राख्ने अनुमति चाहन्छु ।

४. चालु आ.व.का लागि विनियोजन भएको कुल रकम रु. ७५ करोड ७० लाख ५९ हजार मध्ये चालु खर्च रु. ४१ करोड ८५ लाख २५ हजार, पुँजीगत खर्च रु. ३३ करोड ७० लाख ३४ हजार र वित्तीय व्यस्थापन तर्फ रु. १५ लाख रहेको थियो । सोमध्ये चालु आ.व. को जेठ मसान्तसम्ममा चालु खर्च रु. २४ करोड ९० लाख ९९ हजार (६० प्रतिशत), पुँजीगत खर्च रु. १२ करोड ६६ लाख ६४ हजार

(४० प्रतिशत) भएको छ भने बाँकी बजेटका आयोजनाहरू सम्पन्न भई भुक्तानीको क्रममा रहेका छन् । वित्तीय व्यस्थापन तर्फ रु. १५ लाख (१०० प्रतिशत) खर्च भएको छ ।

५. नगरपालिकामा चालु आर्थिक वर्षका लागि रु. २ करोड आन्तरिक आयको लक्ष्य राखेकोमा ०७६ जेठ मसान्तसम्म रु. २ करोड ४१ लाख ९० हजार ४ सय ५३ आन्तरिक आय प्राप्त भएको छ । चालु आर्थिक वर्षको जेठ मसान्तसम्म लक्ष्य भन्दा २१ प्रतिशत बढी आन्तरिक आय सङ्कलन भएको छ । नेपालको संविधानबमोजिम नगरपालिकाले लगाउने कर, दस्तुर तथा शुल्क लगायतका राजस्वको दरलाई वैज्ञानिक बनाई त्यसको आधार र दायराहरूलाई विस्तार गर्न नगरपालिकाले राजस्व परामर्श समितिलाई सक्रिय एवम् सो समितिको प्रतिवेदनलाई यथार्थपरक बनाउने प्रयास गरिएको छ। यसबाट आगामी दिनहरूमा करको आधार र दायरा विस्तार भई आन्तरिक राजस्व परिचालन सुदृढ हुने विश्वास लिएको छु ।

**सभाध्यक्ष महोदय,**

६. अब म आ.व. २०७६/७७ को बजेट तर्जुमा गर्दा अपनाईएको प्रकृया र बजेटका उद्देश्य एवम् प्राथमिकतालाई संक्षिप्त रूपमा राख्न अनुमति चाहन्छु । आ.व. २०७६/७७ का लागि भीमेश्वर नगरपालिकाले पूर्व योजना तर्जुमा गोष्ठी गरी वडागत रूपमा बजेटको सीमा र मार्गदर्शन पठाएको र सोही मार्गदर्शनमा उल्लेखित प्रक्रिया र कार्यतालिका अनुसार वडास्तगत रूपमा योजना तर्जुमा गरिएको छ। नीति निर्माण तथा आयोजना छनौटको कार्यमा बढी भन्दा बढी जनसहभागिता जुटाउने सरोकारवालाहरूलाई समावेश गर्ने प्रयास गरिएको छ। योजना निर्माणका सात चरणलाई पूर्ण रूपमा पालना गरी बजेट निर्माण गरिएको छ। यसलाई अझै जनमैत्री बनाउने उद्देश्यका साथ नगरपालिकाले सघन रूपमा राजनीतिक दलका प्रतिनिधि, पूर्व जनप्रतिनिधि, विज्ञ एवम् बुद्धिजीवी, जेष्ठ नागरिक, महिला, एकल महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति तथा दलित समुदाय, खेलप्रेमी, सहकारीकर्मी, सामुदायिक वनका पदाधिकारी, पर्यटन व्यवसायी, टोल सुधार समितिका पदाधिकारी, पत्रकार लगायत विभिन्न सरोकारवाला समूहहरूसँग अलग अलग परामर्श लिई बजेटको प्राथमिकता निर्धारण गरिएको छ ।

७. आर्थिक वर्ष २०७६/७७ को बजेटका उद्देश्यहरू निम्नानुसार रहेको छ ।

(क) आर्थिक सामाजिक रूपान्तरणकारी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने,

(ख) दीगो विकासका लक्ष्य पूरा गर्न सहयोग पुऱ्याउने कार्यक्रमहरू छनौटमा प्राथमिकता दिने,

(ग) उपलब्ध स्रोत साधन, अवसर र दक्षताको उच्चतम् उपयोग र न्यायिक वितरण गर्ने,

(घ) नगरपालिकाभित्र विकासका दीगो आधारहरू तयार गरी नागरिकको जीवनस्तरमा सुधार गर्ने,

(ङ) आर्थिक, भौतिक तथा सामाजिक संरचनामा गुणात्मक बृद्धि गरी समृद्धि हासिल गर्ने,

(च) समृद्ध भीमेश्वर निर्माणको लक्ष्य प्राप्ती गर्ने ।

८. बजेटको उद्देश्य हासिल गर्न आर्थिक वर्ष २०७६/७७ को बजेटका प्राथमिकता निम्नानुसार प्रस्तुत गरेको छु ।

(क) शैक्षिक गुणस्तर सुधार, सिकाई उत्प्रेरणा जगाउने, शैक्षिक गन्तब्य (Education Hub) को रूपमा विकास गर्ने र बालमैत्रि नगर घोषणा गर्ने,

(ख) गुणस्तरीय र जवाफदेही स्वास्थ्य सेवा प्रदान गर्ने र स्वास्थ्य सेवामा सबै नगरवासीको पहुँच सुनिश्चित गर्ने,

(ग) कृषिमा आधुनिकीकरण, विशिष्टीकरण र व्यावसायिकरण गरी आय आर्जन गर्ने र स्वस्थ उत्पादन तथा उपभोगमा सहयोग पुग्ने,

(घ) भीमेश्वर नगरपालिकालाई सांस्कृतिक धरोहरहरूको संरक्षण र प्रवर्द्धन गर्ने र धार्मिक, सांस्कृतिक, ऐतिहासिक, साहासिक र मनोरञ्जनात्मक पर्यटकीय गन्तब्यको रूपमा विकास गर्ने,

(ङ) उद्यमशीलता विकास, सार्वजनिक-सहकारी-समुदायिक साझेदारी र सामाजिक समावेशीकरणका कार्यक्रम सञ्चालन गर्ने,

(च) आर्थिक वर्ष २०७६/७७ लाई खानेपानी वर्षको रूपमा लिई **'हाम्रो अभिभारा; घर घरमा धारा'** अभियान सुरु गर्ने, सुरक्षित र भरपर्दो सडक पूर्वाधार निर्माण एवम् यातायात सञ्चालन गर्ने, व्यवस्थित आवास र भवन निर्माण गर्ने, सिँचाई सुविधा विस्तार गर्ने र वडागत रूपमा खेलकुदका पूर्वाधारहरू निर्माण गर्ने,

(छ) उद्यमशीलता विकास र ठूला उद्योगका लागि लगानीमैत्री वातावरण बनाउदै उत्पादनमूलक रोजगारी सिर्जना गर्ने,

(ज) जैविक विविधता संरक्षण गर्दै वातावरणीय सन्तुलन कायम गर्ने, विपद् जोखिम न्यूनिकरण गर्ने,

(झ) संस्थागत सुदृढिकरण र सुशासन कायम गर्दै सेवाप्रवाह प्रभावकारी बनाउने ।

९. अब म आर्थिक वर्ष २०७६/७७ मा नगरभित्र सञ्चालन हुने प्रमुख कार्यक्रम तथा आयोजनाहरूका लागि रकम विनियोजनको प्रस्ताव गर्ने अनुमति चाहन्छु ।

## कृषि तथा सिँचाई

१०. समृद्धिका लागि कृषिबाली र पशुपालमा आधुनिकीकरण, विशिष्टीकरण र व्यावसायिकरणको नीति अनुरूप नगदेबालिको उत्पादन, पकेट क्षेत्र तथा विशेष बालि तथा पशुपालनको क्षेत्र निर्धारण, स्थानीय जातका उत्पादनलाई संरक्षण र प्रवर्द्धन, कृषि उपज संकलन व्यवस्थापन, प्राङ्गारिक कृषि उत्पादनमा प्रोत्साहन, माटो परीक्षण र माटोमा खाद्यतत्वको सन्तुलन कायम, व्यावसायिक पशुपालन अनुदान र प्राविधिक सहयोग, कृत्रिम गर्भाधारण र पशु नश्ल सुधार, पशु शिविर सञ्चालन, सरुवा रोगको नियन्त्रण, कृषि उपजहरूको बजार व्यवस्थापन, उत्पादनको आधारमा कृषकलाई प्रोत्साहन, कृषिमा रोजगारी सिर्जना आदिसँग सम्बन्धित कार्यक्रमलाई बजेट विनियोजन गरेको छु। व्यावसायिक रूपमा कृषि तथा पशुपालन गर्ने कृषकहरूका लागि कोष स्थापना गर्न बजेट व्यवस्था गरेको छु। कृषियोग्य जमिनमा दीगो एवम् भरपर्दो सिंचाई सुविधा पुऱ्याउने नीति अनुरूप सिंचाई कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु। कृषिबाली तथा पशुपालन र सिँचाई क्षेत्रमा रु. १ करोड ९८ लाख ४५ हजार बजेट विनियोजन गरेको छु।

## उद्योग, वाणिज्य तथा बजार व्यवस्थापन

११. **'रोकौ विदेश जान; खोलौ आफ्नै कारखाना'** नीति कार्यान्वयन गर्न रु. १० लाख रकम भीमेश्वर उन्नत कोषमा विनियोजन गरेको छु। उक्त कोषबाट स्थानीय सीप, श्रम, प्रविधि र सामग्रीमा आधारित मूल्य शृङ्खला हुने प्रकृतिको लघु, घरेलु तथा साना उद्योगहरू निजी क्षेत्रसँगको औद्योगिक लगानी साझेदारी गर्न सहयोग पुग्ने विश्वास लिएको छु। लगानीमैत्री वातावरण निर्माण कार्यक्रम, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम तथा वाणिज्य र बजार व्यवस्थापनका लागि बजेट व्यवस्था गरेको छु। उद्योग, वाणिज्य र बजार व्यवस्थापनका लागि रु. ४२ लाख बजेट विनियोजन गरेको छु।

## पर्यटन

१२. धार्मिक, सांस्कृतिक, ऐतिहासिक र साहसिक पर्यटनको विकास गन्तव्यको रूपमा यस नगरपालिकालाई विकास गर्ने, पर्यटन मार्फत आर्थिक बृद्धि र रोजगारी सिर्जना गर्ने नीति अनुरूप **'एक वडा एक पार्क'** निर्माण गर्न, चम्पूजा हरीयाली पार्क, मञ्जुश्री पार्क सहिद पार्क पूर्वाधार सुधार गर्न, पर्यटकीय स्थलहरूको पहिचान, प्रचार प्रसार र पर्यटकीय स्थलहरूमा पूर्वाधार निर्माण तथा विकास गर्न, पर्यटन सूचना केन्द्र स्थापना गर्न, वृन्दावन धार्मिक पर्यटकीय क्षेत्र, विश्व शान्ति बुद्धपार्क, खुला चिडियाखाना, थामी संग्रहालय, विभिन्न पदमार्ग निर्माण, साहसिक पर्यटकीय खेलहरूको अध्ययन तथा पूर्वाधार

निर्माण, पर्यटकहरूको आतिथ्यतासँग सम्बन्धित कार्यक्रमहरूलाई बजेट व्यवस्था गरेको छ । पर्यटन क्षेत्रमा कुल रु. २ करोड ३१ लाख बजेट विनियोजन गरेको छ ।

**सहकारी**

१३. सहकारी क्षेत्रको बहुआयमिक योगदानलाई उच्च कदर गर्दै सहकारीसँगको साझेदारीमा नगरवासीको आय आर्जन बृद्धि गर्ने र सार्वजनिक-सहकारी-समुदाय साझेदारी (PCCP) नमूनामा कार्यक्रम सञ्चालन गर्ने नीति अनुरूप विपन्न र गरिब नगरवासीहरूका लागि विशेष सहयोग पुग्ने कार्यक्रम सञ्चालन गर्न र सरल एवम् सहुलियतपूर्ण कर्जा प्रदान गराउन आवश्यक नियमन गर्न र सफ्टवेयरमार्फत विद्युतिय प्रतिवेदन प्रणालीको विकास गर्ने कार्यक्रमहरूलाई बजेट व्यवस्था गरेको छ । सहकारी क्षेत्रमा रु. १३ लाख बजेट विनियोजन गरेको छ ।

**आधारभूत तथा माध्यामिक शिक्षा**

१४. सामाजिक रूपान्तरण र आर्थिक विकासको आधारशिलाको रूपमा रहेको शिक्षाको विकासमा सर्वोपरी जोड दिने नीति अनुरूप **'भीमेश्वर वासीको इच्छा; सवैका लागि आधारभूत शिक्षा'** भन्ने नाराका साथ दिवा खाजा, सामुदायिक विद्यालयमा अध्ययन गर्ने कक्षा ० देखि ५ सम्मका विद्यार्थीहरूलाई निःशुल्क पोसाक वितरण गरी शैक्षिक उत्प्रेरणा जगाउने, कक्षा ० देखि ५ सम्म अंग्रेजी माध्यममा अध्यापन गराउन अंग्रेजी माध्यमका पाठ्य पुस्तकहरू खरिदमा पचास प्रतिशत अनुदान दिने, शिक्षकहरूलाई शैक्षिक उत्प्रेरणा जगाउने, अंग्रेजी माध्यममा अध्यापन गराउन शिक्षकहरूलाई तालिम दिने, प्राविधिक उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई छात्रवृति सहयोग गर्ने, प्रविधिमा आधारित शिक्षण विधि उपलब्ध गराउने, उच्च शिक्षा र विद्यालयमा भौतिक पूर्वाधार निर्माण गर्ने र बालमैत्री पूर्वाधार र शैक्षिक सामग्री व्यवस्था गर्ने, विद्यार्थीहरूको शारिरीक तथा बौद्धिक विकासका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने, स्थानीय पाठ्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयनमा ल्याउने जस्ता कार्यक्रमहरूलाई बजेट व्यवस्था गरेको छ । शिक्षा क्षेत्रमा कुल रु. २० करोड ७५ लाख ९३ हजार बजेट विनियोजन गरेको छ ।

**आधारभूत स्वास्थ्य तथा अस्पताल व्यवस्थापन**

१५. विकासका साध्य र साधन दुवै नागरिक नै भएकोले नगरवासीलाई स्वस्थ बनाउन सर्वसुलभ, भरपर्दो र गुणस्तरीय स्वास्थ्य प्रदान गर्ने, स्वास्थ्य सेवामा सबै नगरवासीको पहुँच सुनिश्चित गर्ने र जवाफदेही स्वास्थ्य सेवा प्रणालीको व्यवस्था गर्ने नीति अनुरूप स्वास्थ्य क्षेत्रका जनशक्ति उत्पादन, एक विद्यालय

एक नर्स, गर्भवती महिला, आमा र नवजात शिशुको नियमित स्वास्थ्य परीक्षण, स्वस्थ्य सुधार र पोषणमा सहयोग, गर्भवती महिला, आमालाई स्वास्थ्य परामर्श, स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधार निर्माण र सुधार, स्वास्थ्य चौकिहरूमा आवश्यक स्वास्थ्य सामग्रीहरूको व्यवस्था, शहरी स्वास्थ्य केन्द्रमार्फत स्वास्थ्य सञ्चालन, आकस्मिक स्वास्थ्य सेवा, स्वास्थ्य शिविर सञ्चालन, महिला स्वास्थ्य स्वयम् सेविकाहरूलाई प्रोत्साहन गर्ने, पूर्ण खोप सुनिश्चितता कार्यक्रमहरूलाई बजेट विनियोजन गरेको छु । स्वास्थ्य क्षेत्रमा प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक र निरोधात्मक प्रकृतिका सबै कार्यक्रमहरूलाई बजेट विनियोजन गरेको छु । प्रस्तावित चरिकोट अस्पतालको भौतिक पूर्वाधार विकासका लागि बजेट  व्यवस्था गरेको छु । स्वास्थ्य क्षेत्रमा कुल ४ करोड १५ लाख १६ हजार बजेट विनियोजन गरेको छु ।

## खानेपानी तथा सरसफाई

१६. **'हाम्रो अभिभारा; घर घरमा धारा'** भन्ने नाराका साथ एक घर एक धाराको अभियान सञ्चालन गर्दै आर्थिक वर्ष २०७६/७७ लाई खानेपानी वर्षको रूपमा मनाउने र पिउनयोग्य पानीको सहज पहुँच सबै नगरवासीहरूलाई पुऱ्याई पूर्ण सरसफाइको कार्यक्रमलाई अघि बढाउने नीति अनुरूप सहरी क्षेत्रमा सहरी खानेपानी आयोजना र ग्रामिण क्षेत्रमा वडास्तरीय खानेपानी आयोजना मार्फत खानेपानीको दीर्घकालीन व्यवस्थापन गर्न क्रमागत खानेपानी आयोजनाहरूको पूर्णता र नयाँ खानेपानी आयोजनाहरूमा बजेट विनियोजन गरेको छु  । साथै दिसाजन्य लेदो व्यवस्थापन र सरसफाइ केन्द्रको लागि समेत बजेटको व्यवस्था गरेको छु । खानेपानी र सरसफाइ क्षेत्रमा कुल रु. २ करोड २ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

## भाषा, संस्कृति तथा ललितकलाको संरक्षण तथा प्रर्वद्धन

१७. भाषा, लिपी, कला, संस्कृति, सम्पदा, धार्मिक स्थल आदि साँस्कृतिक धरोहरहरूको संरक्षण गर्ने नीति अनुरूप ऐतिहासिक र सांस्कृतिक मौलिकता झल्केको पुरातात्त्विक बजार दोलखाको पुरातात्त्विक महत्वका सामग्रीहरूको संरक्षण गर्दै मुद्रा तथा सांस्कृतिक संग्रहालयको रूपमा विकास गर्ने, आदिवासी, जनजाति र दलित समुदायहरूको परम्परागत सीप र कलाको संरक्षण र सम्बर्द्धन गर्ने, स्थानीय मठ, मन्दिर कुटि, कोटीहोम चाडपर्व र जात्रापर्वको जर्गेना, सम्बर्द्धन, सञ्चालन र प्रवर्द्धन गर्ने कार्यक्रमहरूमा बजेट विनियोजन गरेको छु । मछिन्द्रनाथ रथ व्यवस्थापनमा समेत बजेट विनियोजन गरेको छु । भाषा, कला, ललितकलाको संरक्षण तथा प्रवर्द्धनमा रु. २ करोड ३ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

## युवा खेलकुद तथा मनोरञ्जन

१८. खेलकुद मार्फत नगरपालिकाको पहिचान स्थापित गर्ने नीति अनुरूप **'एक वडा एक खेल मैदान'** निर्माण, खेलाडीलाई प्रशिक्षण, क्षमता विकास तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्न र राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता, मेयर कप फुटबल एवम् क्रिकेट, उपमेयर कप महिला भलिबल प्रतियोगिता, साहसिक खेल प्रतियोगिता सञ्चालन गर्न बजेट विनियोजन गरेको छु । युवा, खेलकुद तथा मनोरञ्जनका लागि रु. ४३ लाख बजेट विनियोजन गरेको छु ।

## लैङ्गिक समानता, सामाजिक समावेशिकरण तथा सामाजिक सुरक्षा

१९. सामाजिक समावेशीकरणको मर्मलाई आत्मसात गर्दै महिला, बालबालिका, दलित, जानजाति, अपाङ्गता जेष्ठ नागरिक र आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका समुदाय लगायतका लक्षित वर्गहरूको सशक्तिकरण र मूलप्रवाहिकरण गर्ने नीति अनुरूप लक्षित वर्गको सीप तथा क्षमता विकास, आयआर्जनमा सहयोग, जेष्ठ नागरिक प्रति सम्मान गर्दै **'एक वडा एक जेष्ठ नागरिक आरोग्य मिलन केन्द्र'** स्थापना गरी सञ्चालनमा ल्याइने, महिला तथा बालबालिकाहरूको सुरक्षा र संरक्षणमा सहयोग पुग्ने, महिला हिंसा, जातीय भेदभाव र छुवाछुत तथा मानव बेचविखन विरुद्धको अभियान, विपन्न महिला, एकल महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिका लागि लघु उद्यम विकास कार्यक्रमसँग आवद्ध गर्न मद्दत पुग्ने, बालविवाह तथा बाल श्रममुक्त नगर घोषणा, बाल क्लब गठन र सञ्चालन, एक वडा एक बाल उद्यान, सुत्केरी पोषण भत्ता वार्षिक रु. एक हजार, जेष्ठ नागरिक स्वास्थ वार्षिक रु. एक हजार, गत वर्ष रु. पाँच हजार दिइदै आएको पूर्ण अशक्त अपाङ्गको पालन पोषण खर्चलाई बृद्धि गरी वार्षिक रु. १२ हजार पुऱ्याउने र बालबालिकालाई पोषण कार्यक्रमको निरन्तरता हुने गरी बजेट विनियोजन गरेको छु । सामाजिक विकास कोषहरू स्थापना गर्न समेत बजेटको व्यवस्था मिलाएको छु । महिलासँग उपमेयर कार्यक्रम मार्फत लक्षित वर्गका लागि सामाजिक विकासका कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था गरेको छु । लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा क्षेत्रमा कुल रु. ८ करोड १९ लाख २० हजार बजेट विनियोजन गरेको छु ।

## सडक पूर्वाधार विकास

२०. विकासको अर्को मुख्य आधारको रूपमा रहेको सडकको विस्तार गरी नगरवासीको जनजीवन सहज बनाउने नीति अनुरूप बृहत आवधिक योजनासँगै नगर सडक गुरुयोजना तर्जुमा गरी नगरपालिकामा व्यवस्थित सडक सञ्जाल विस्तार गर्न, सडकहरूको स्तरोन्नती गर्न, भीमेश्वर चक्रपथको निर्माण गर्न बजेट विनियोजन गरेको छु । सडक पूर्वाधार निर्माणका लागि सडकबोर्डसँग साझेदारी गर्न आवश्यक पर्ने समपुरक कोषको लागि समेत बजेट विनियोजन गरेको छु । सडक पूर्वाधार तर्फ रु. ८ करोड ६५ लाख बजेट विनियोजन गरेको छु ।

## भवन तथा सहरी विकास

२१. व्यवस्थित आवास तथा भवन निर्माण र योजनावद्ध सहरी पूर्वाधार विकास गर्ने नीति अनुरूप सहरी क्षेत्रमा सडक वत्ती व्यवस्था गर्ने, व्यवस्थित सहर विकास गर्ने, कवर्ड हल निर्माण गर्ने, टुडिखेल निर्माण गर्ने, सिनेमा हल सहितको सातदोबाटो बहुउद्देश्यीय भवन निर्माण, सामुदायिक भवनहरू निर्माण, भीमेश्वर प्रवेशद्वार निर्माण, नगरपालिका भवन निर्माण, वडा कार्यालय भवन निर्माण, पाखलती व्यावसायिक भवन निर्माण, साझेदारीमा नगर वस सञ्चालन कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु । सहरी क्षेत्रमा हरियाली प्रवर्द्धन, सहरी सौन्दर्य र स्वच्छ सहर अभियान सञ्चालन गरिने, एयरपोर्टको सम्भाव्यता अध्ययनका लागि समेत बजेट विनियोजन गरेको छु । सङ्घ तथा प्रदेशसँगको साझेदरीमा ठूला आयोजना सञ्चालन गर्न विशेष तथा समपुरक कोषको लागि समेत बजेट व्यवस्था गरेको छु । जनतासँग मेयर कार्यक्रमबाट समेत पूर्वाधार विकास कार्यत्रम सञ्चालन गर्नेगरी बजेटको व्यवस्था गरेको छु । भवन तथा सहरी विकास तर्फ जम्मा रु. २३ करोड ५४ लाख बजेट विनियोजन गरेको छु ।

## सूचना, सञ्चार तथा विज्ञान प्रविधि

२२. सूचना तथा सञ्चार र विज्ञान तथा प्रविधि क्षेत्रलाई व्यवस्थित गरी नगरवासीलाई सहज रूपमा सञ्चार माध्यम तथा सूचना प्रविधिबाट छिटो र भरपर्दो सेवा र सूचना उपलब्ध गराउने नीति अनुरूप वडा केन्द्रहरूमा इन्टरनेट सेवा पुऱ्याउने, सोलार पार्क र साइन्स पार्क निर्माण गर्न सम्भाव्यता अध्ययन गर्ने, स्थानीय सञ्चार माध्यमहरूलाई प्रवर्द्धन गर्ने कार्यक्रमहरूमा बजेट विनियोजन गरेको छु । सूचना, सञ्चार तथा विज्ञान प्रविधि क्षेत्रमा रु. ३४ लाख ९३ हजार बजेट विनियोजन गरेको छु ।

## ऊर्जा तथा सडक वत्ति

२३. बैकल्पिक उर्जाका कार्यक्रमलाई प्रोत्साहित गर्ने नीति अनुरूप वैकल्पिक ऊर्जामा आधारित सडक वत्ति, वायो ग्याँस लागायतका कार्यक्रमलाई बजेट विनियोजन गरेको छु । ऊर्जा तथा सडक वत्ति क्षेत्रमा रु. ९० लाख ५४ हजार बजेट विनियोजन गरेको छु ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

२४. वन र वातावरण संरक्षण तथा विपद् व्यवस्थापनलाई उच्च प्राथमिकता दिने नीति अनुरूप वृक्षारोपण गर्ने, मुहान तथा जलाधार संरक्षण गर्ने, पुनर्भरण पोखरी निर्माण गर्ने, एक वडा एक पोखरी निर्माण गर्ने, जलवायु परिवर्तन अनुकुलन गर्ने, चरण क्षेत्र विकास गर्ने, नदी कटान र पहिरो नियन्त्रण गर्ने लगायतका कार्यक्रमहरूलाई बजेट विनियोजन गरेको छु। वन, वातावरण, तथा विपद् व्यवस्थापनमा रु. १ करोड ५८ लाख ८० हजार बजेट विनियोजन गरेको छु।

## सुशासन, संस्थागत विकास र सेवा प्रवाह

२५. नगरपालिकाको सेवा प्रवाहमा सेवाग्राहिमैत्री र प्रविधिमैत्री बनाउने, नियमित रूपमा समीक्षा, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण गर्ने, नियमित अनुगमन गरी कार्यसम्पादनको आधारमा भुक्तानीको प्रक्रिया अगाडि बढाउने, नतिजामुखी अनुगमन प्रणालीको विकास गर्ने, स्थानीय सेवा प्रवाह प्रभावकारी बनाउन सङगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरवन्दी यकिन गर्ने तथा सङ्गठनात्मक संरचना अद्यावधिक गर्ने, कर्मचारीहरूको कार्य विवरण निश्चित गरी सेवाप्रवाहको व्यवस्था मिलाउने, कार्यसम्पादनमा नैतिकता, जवाफदेहिता र नतिजाको आधारमा अतिरिक्त प्रोत्साहन भत्ता दिने, पुरस्कृत गर्ने, क्षमता विकासका लागि तालिम र अभिमूखिकरण कार्यक्रम सञ्चालन गर्ने कार्यक्रमको व्यवस्था गरेको छु । सुशासन, संस्थागत विकास र सेवा प्रवाह क्षेत्रमा तलब भत्ता, कार्यालय सञ्चालनको प्रशासनिक तथा चालु खर्च सहित कुल रु.१० करोड १४ लाख ८० हजार वजेट विनियोजन गरेको छु ।

२६. उल्लिखित सम्पूर्ण क्षेत्रगत नीति तथा कार्यकम कार्यान्वयनका लागि चालु तर्फ रु. ३९ करोड ५५ लाख ७५ हजार, पूँजिगत तर्फ रु. ४७ करोड ८५ लाख ७६ हजार र वित्त व्यवस्थापन तर्फ रु. २० लाख गरी जम्मा रु. ८७ करोड ६१ लाख ५१ हजार विनियोजन गर्न प्रस्ताव गरेको छु। सो मध्ये क्षेत्रगत रूपमा हेर्दा आर्थिक विकासमा रु. २ करोड ६६ लाख ९५ हजार (३.०५ प्रतिशत), सामाजिक विकासमा रु. ३५ करोड ८७ लाख ५९ हजार (४०.९५ प्रतिशत), पूर्वाधार विकासमा रु. ३६ करोड

१३ लाख ५४ हजार (४१.२४ प्रतिशत), वन, वातावरण र विपद् व्यवस्थापनमा रु. २ करोड ३० लाख (२.६३ प्रतिशत) र सुशासन तथा संस्थागत विकासमा रु. १० करोड ६३ लाख ४३ हजार (१२.१४ प्रतिशत) बजेट विनियोजन गरेको छु ।

२७. आर्थिक वर्ष २०७६/७७ का लागि कुल बजेट विनियोजन तथा खर्चका स्रोतको विवरण अनुसूचि १ मा राखेको छु । नगरस्तरीय तथा वडास्तरीय आयोजनाहरूको विवरण अनुसूची २ मा संलग्न गरेको छु । आर्थिक वर्षको सुरुदेखि नै कार्यक्रम तथा आयोजना सञ्चालन गरी समयमै सम्पन्न हुने र स्रोतको समुचित उपयोग हुने विश्वास लिएको छु ।

**सभाध्यक्ष महोदय,**

**नगरसभा सदस्यज्यूहरू ।**

२८. अब म उल्लिखित विनियोजन अनुसार कार्यक्रम तथा आयोजना सञ्चालनका लागि आवश्यक स्रोतको प्रस्ताव गर्ने अनुमति चाहन्छु । नगरपालिकाले पहिचान गरेका स्रोत र आगामी आर्थिक वर्षका लागि प्रस्ताव गरिएका राजस्वका दर समेतका आधारमा आन्तरिक स्रोतबाट रु. ५ करोड परिचालन हुने अनुमान गरेको छु ।

२९. नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानिकरण अनुदान रु. १७ करोड २१ लाख, सशर्त अनुदान रु. २३ करोड ९३ लाख, विशेष अनुदान ६० लाख, समपुरक अनुदान १ करोड, स्थानीय पूर्वाधार विकास कार्यक्रम २ करोड, राजस्व बाँडफाँडबाट (अन्तशुल्क र मूल्य अभिबृद्धि कर) रु. ८ करोड ८३ लाख, जलस्रोत रोयल्टी २ लाख २९ हजार, घर जग्गा रजिष्ट्रेसन दस्तुर १ करोड २५ लाख र सामाजिक सुरक्षा अनुदान ६ करोड ५० लाख हुने छ भने ३ नं. प्रदेश सरकारबाट वित्तीय समानिकरण अनुदानबाट रु. १ करोड १ लाख ७३ हजार तथा सशर्त अनुदानबाट रु. २९ लाख ७५ हजार, विशेष अनुदान ६० लाख, समपुरक अनुदान १ करोड र राजस्व बाँडफाँड (सवारी साधन कर) रु. २ करोड ९५ लाख ३ हजार प्राप्त हुनेछ । त्यसैगरी नगरविकास कोषको आन्तरिक ऋण तथा अनुदान रु. ६ करोड, सडक वोर्ड, नेपालबाट रु. ५० लाख र नगदमा आधारित लागत सहभागिताबाट रु. ५० लाख प्राप्त हुनेछ ।

३०. उल्लिखित आय वा स्रोत र व्यय वा खर्चको अनुमानबाट रु.८ करोड ४० लाख ७१ हजार न्यून हुने छ । न्यून हुने बजेट चालु आर्थिक वर्षको खर्च हुन बाँकी रहेको रकम र आगामी आर्थिक वर्षमा प्राप्त हुने नयाँ स्रोतबाट व्यहोरिने छ ।

**अन्त्यमा,**

अन्त्यमा, भीमेश्वर नगरपालिकाको आर्थिक वर्ष २०७६/७७ को वार्षिक बजेट तर्जुमा कार्यमा महत्वपूर्ण पृष्ठपोषणको भूमिका निर्वाह गर्नुहुने प्रतिनिधि सभा र ३ नं. प्रदेश सभा सदस्यज्यूहरू, दोलखा जिल्ला समन्वय समितिका प्रमुखज्यू, यस नगरपालिकाको नगर प्रमुखज्यू, भीमेश्वर नगर कार्यपालिका र नगर सभा सदस्यज्यूहरू, काठमाण्डौमा रहनु भएका भीमेश्वर नगरवासी नागरिकहरू, भीमेश्वर नगरपालिकाका राजनैतिक दलहरूका प्रमुख एवम् प्रतिनिधिज्यूहरू, जिल्लास्थित संघ/संस्थाहरूको प्रमुख एवम् प्रतिनिधिज्यूहरू, नागरिक समाजको प्रमुख एवम् प्रतिनिधिज्यूहरू, प्राध्यापक, शिक्षक, पत्रकार लगायत भीमेश्वर नगरपालिकाको सम्पूर्ण नगरवासीहरू, प्रमुख प्रशासकीय अधिकृत लगायत समस्त कर्मचारी परिवार प्रति हार्दिक आभार व्यक्त गर्दै हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**कमला बस्नेत**

**नगर उपप्रमुख**

**मिति : २०७६ असार १० गते**